पोखरा विश्वविद्यालय
व्यवस्थापन संङ्काय
स्कुल अफ बिजनेस
पोखरा, कास्की, नेपाल

मिति: २०७६।१०।२७

पत्र सं.: ४९३/७०६०/७७७

श्री प्राध्यापक श्री दिपक ओझा, संयोजक
शैक्षिक परीक्षा संयोजक (स्नातक कार्यक्रम)
श्री प्राध्यापक श्री भरत राज वाग्ले सदस्य
संयोजक, विद्यार्थी कल्याण तथा सामाजिक सेवा समिति
श्री सहायक, श्री देवकी दाहाल, सदस्य
शैक्षिक प्रशासन, स्नातक कार्यक्रम
कक्षा प्रतिनिधि संयोजन तथा परिचालन समिति (स्नातक कार्यक्रम)

विषय: मनोनयन गरिएको सम्बन्धमा

यस कार्यक्रम अन्तर्गतका कक्षाहरु (सेक्सन) मा एक जना पुरुष तर्फबाट र एक जना महिला तर्फबाट कक्षा प्रतिनिधि (Class Representative) रहने व्यवस्था हुदै आएको भएता पनि हालसम्म कक्षा प्रतिनिधिको काम, कर्तव्य अधिकारको बारेमा स्पष्ट हुनुको र नीजहरुको भूमिकालाई उजगार गर्न नसकिएको सन्दर्भमा आगामी दिनहरुमा नीजहरुको भूमिकालाई व्यवस्थित गर्नु आवश्यक देखिएकोले देहायको काम गर्नका लागि गठित कक्षा प्रतिनिधि संयोजन तथा परिचालन समितिमा यहांलाई संयोजक / सदस्यमा मनोनयन गरिएको छ ।

तपाईशिघ्र कक्षा प्रतिनिधिहरुको पहिलो बैठक तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न आगामी दिनमा समेत नियमित रुपमा देहायका कार्य गर्न जानुहुन अनुरोध छ ।

समितिको कार्य क्षेत्र

१. कक्षामा अध्ययनरत विद्यार्थीहरु तथा कक्षा शिक्षकहरुको समेत राय लिई कक्षा प्रतिनिधि (Class Representative) को छनौट गर्ने, रिक्त भएको अवस्थामा पुनः सोही विधि बमोजिम छनौट गर्ने,
२. कक्षा प्रतिनिधिको काम, कर्तव्य, अधिकार, जिम्मेवारी, उत्तरदायित्वको सूचि तयार गर्ने र सो को बारेमा जानकारी गराउने, निजहरुलाई हौसला दिने, योगदानको आधारमा सम्मान गर्ने
३. कक्षा प्रतिनिधिको व्यक्तित्व विकासका लागि आवश्यक तालीम, परामर्श र जानकारी उपलब्ध गराउने
४. शैक्षिक प्रशासन र अध्ययन अध्यापन कार्यमा सहजीकरण गर्नको लागि नीजहरुको सहयोग लिने
५. समय समयमा कक्षा प्रतिनिधिहरुसंग सामूहिक छलफल कार्यक्रम गर्ने, गुनासाहरु सुन्ने र समाधानको लागि नीजहरुलाई सहयोग लिने,
६. कक्षा कोठाको वातावरण अध्ययन अध्यापन मैत्री बनाउने काममा कक्षा प्रतिनिधिबाट सहयोग लिने
७. नीजहरुसंग नियमित रुपमा सम्वाद गर्ने र सुझावहरु प्रशासन समक्ष पेश गर्ने
८. अन्य विद्यार्थी र कक्षा प्रतिनिधि बीचको सम्बन्ध मैत्रीपूर्ण बनाउने र प्रशासन र विद्यार्थीहरु बीचको सम्बाद सूत्रको रुपमा नीजहरुको भूमिकालाई व्यवस्थित गर्ने,
९. क्वालिटी सर्कल क्लवहरुसंगको सहकार्यमा अतिरिक्त क्रियाकलाप र सिर्जनात्मक कार्यक्रम गर्नका लागि हौसला दिने

यहांको सक्रिय योगदानको लागि अग्रिम धन्यवाद

प्रा. रविन्द्र घिमिरे
निर्देशक

सम्पर्क ठेगाना: पोखरा-३०, कास्की, नेपाल, फोन नं.: ००९७७-६१-५०४१४७/५०४०३५
E-mail: info.sob@pu.edu.np, www.pu.edu.np